## मिति २०७६/१२/२३ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६/१२/१६ गतेको कोभिड १९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुबिधा प्रदान गर्ने नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय कार्यन्वयन कार्ययोजना २०७६ बमोजिम कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषको हकमा माण्डवी गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोष खाता नं. ०६७१०१९३०४९०४३ लाई नै प्रयोग गर्ने साथै उक्त कोषमा माण्डवी गाउँपालिकाले रु. ३० लाख उक्त कोषमा रकम जम्मा गर्ने र उक्त कोषमा रकम जम्मा गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाई आव्हान गर्ने र यस सम्बन्धमा हाल सम्म भएको सबै खर्चहरु यसै कोषबाट हुने गरी व्यवस्था गर्ने र सो व्यहोरा अनुमोदनका लागि अगाडी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धि नमुना मापदण्ड २०७६ पारित गर्ने र मापदण्ड बमोजिम सम्पूर्ण कार्यहरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोरोना भाइरस(कोभिड-१९) को संक्रमण बढ्दै गएको सन्दर्भमा नेपाल सरकार गृह मन्त्रालयको २०७६/१२/१७ को पत्र अनुसार कुनै पनि व्यक्ति तथा संघ संस्थाहरुले आफूखुसी राहत तथा सहायता गर्न नपाउने र त्यस्तो राहत तथा सहायता गर्न चाहेमा स्थानिय तहको समन्वयमा एकद्वार प्रणाली मार्फत मात्रै सहायता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी रुपमा प्रचार प्रसार गर्न र लक डाउन लाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नको लागि माण्डवी गाउँपालिका भित्रका साविकका वडाहरुमा २ जनाको दरले स्वयंसेवक नियुक्ति गर्ने सो कामको लागि वडा अध्यक्ष ज्यू लाई जिम्मेवारी दिने र स्वयंसेवकलाई प्रतिदिन 100 रुपैयाँको दरले खाजा खर्च/रिचार्ज खर्च दिने निर्णय गरियो ।

**प्रमाणित गर्ने:**

..............................

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत